**SET-4**

**Series JMS/C**

कोड नं.
**Code No. 17**

रोल नं.
Roll No. | | | | | | | |

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Code on the title page of the answer-book.

- कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **7** पृष्ठहरू छन् ।
- त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ ।
- कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **7** वटा प्रश्नहरू छन् कि छैनन् ।
- **कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला प्रश्न संख्या लेख्न नभुल्नुहोस् ।**
- यो प्रश्नपत्र पढ्नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन ।
- Please check that this question paper contains **7** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **7** questions.
- **Please write down the Serial Number of the question before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

# नेपाली
# NEPALI

*निर्धारित समय : 3 घण्टे* | *अधिकतम अंक : 80*
*Time allowed : 3 hours* | *Maximum Marks : 80*

*THE QUESTION PAPER IS DIVIDED INTO FOUR SECTIONS :*

| | | |
|---|---|---|
| SECTION A : | Reading Comprehension (पढ़ाइ कौशल बोध) | 15 Marks |
| SECTION B : | Grammar (व्याकरण) | 15 Marks |
| SECTION C : | Writing & Composition (लेखाइ एवं रचना कौशल) | 25 Marks |
| SECTION D : | Literature (साहित्य) | 25 Marks |

## SECTION A

**1.** (अ) निम्न परिच्छेद पढ़ेर सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् :

सत्य र सौन्दर्यप्रति निष्ठावान, स्पष्ट, निडर र स्वाभिमानी चरित्रकी धनी पारिजात देवकोटा पछिका सर्वाधिक प्रतिभाशाली साहित्यकार मानिन्छिन् । विरलकोटीको साहित्य रचेर नेपाली संस्कृति भण्डार सम्पन्न पार्ने यी महान कलाकारको जन्म दार्जीलिङको लिङ्गी चियाकमानमा सन् 1937 मा भएको थियो । आमा अमृत मोक्तान र बाबा डा. के.एस. वाइबाले यिनका निम्ति विष्णु कुमारी वाइबा नाम जुराएका थिए, तर आफैले रोजेको 'पारिजात' – को नाउँबाट संसारभरि छरिएका नेपाली भाषीहरूका सचेत तब्काबीच परिचित र प्रिय बनिन् । त्यति मात्र होइन, संयुक्त राज्य अमेरिकाको मेरील्याण्ड युनिवर्सिटीमा पनि पारिजातलाई आज पढ़िँदैछ/पढ़ाइँदैछ ।

'बन्दी सहायता नियोग' संस्था खोलेर काम गर्दै असहाय बन्दीका आफन्त बन्नपुगेकी पारिजात ती बन्दीहरूका निर्दोष बच्चाहरूका निम्ति 'बचेरा बास' नामक सेवामूलक संस्था खोली वात्सल्य दिने अभिभावक बनेकी थिइन् भने अन्याय र उत्पीड़न् झेलिरहेका सबै पक्षका मानिसहरूका निम्ति लड्ने भरोसायोग्य योद्धा बनेर यिनले इतिहासलाई समेत आफ्नो मूल्याङ्कन र स्थान निर्धारण गर्न बाध्य पारिन् । नारी जागरणको निम्ति उनको कलम पनि निरन्तर चल्यो । 'पारिजात' नाउँ मात्रले पनि लाखौं – करोड़ौं जनताका ओंठमा मुस्कान र अनुहारमा विश्वास जन्माउन सक्ने पारिजात करोड़ौं मान्छेका परेलीलाई भिजाउँदै सन् 1992 – मा बितिन्, तर उनको जीवन र कर्म आज भात्र होइन भोलिको पीढ़ीका निम्ति पनि जीवनदायी प्रेरणाको श्रोतका रूपमा दरिनेछन् ।

(क) 'पारिजात' को हुन् लेख्नुहोस् । *2*

(ख) पारिजातको जन्म कहाँ भयो ? आमा-बाबाले राखिदिएका नाम लेख्नुहोस् । *2*

(ग) उनको लेख कहाँ र कुन युनिवर्सिटीमा पढ़ाइँदैछ ? *2*

(घ) पारिजात कस-कसका अभिभावक र योद्धा बनिन् ? *2*

(ङ) 'बचेरा बास' भन्नाले के बुझिन्छ ? *2*

(आ) निम्नलिखित पद्य पढ़ेर सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् :

कुसङ्गतमा परेका बदमाश छोरा भए
मेरा प्रकाशित कविताहरू ।
छाड़ी गए मलाई अलन्तारमा ।
कुनै कुनै ता टाढ़ैबाट फिस्स हाँसेर हिँडूनेसम्म भए ।
चिट्ठीसम्म नपठाउने कृतघ्न परदेशी भए ।

तर मेरो अरथी उठाउन आउनेछ
त्यही सधैँको मेरो अन्तरको अलिखित कविता ।
वर्षौंदेखि मलाई नै रूँगेर बसेको
त्यो मेरो साख्खै कविता ।
केही गर्नसकिनँ विचरा त्यसलाई
नलेखेर अन्याय नै गरें कि क्यार ।

(क) कवि आफ्ना प्रकाशित कविताहरूलाई कस्ता भए भन्छन् ? *1*

(ख) कविलाई आफ्नो अरथी उठाउन को आउँछ भनी विश्वास छ ? *1*

(ग) कविको 'साख्खै कविता' कुन कविता हो ? *1*

(घ) कवि किन पछुतो मान्छन् ? *1*

(ङ) 'अरथी' को अर्थ लेख्नुहोस् । *1*

## SECTION B

**2.** (क) तलका विविध शब्दहरूबाट सोधिए बमोजिम उत्तर लेख्नुहोस् :

(i) 'तिम्रोमा किताब छ ।' यहाँ अधिकरण कारक कुन हो ? *1*

(ii) समासमा रूपान्तरित गर्नुहोस् : $\frac{1}{2}\times 2=1$

लामो खुट्टा भएको, लाखको पति

(iii) सार शब्द लेख्नुहोस् : $\frac{1}{2}\times 2=1$

जस्ताको तस्तै

शुरुदेखि आखिरसम्म

(iv) भिन्नार्थक शब्द लेख्नुहोस् (कुनै ***एक*** जोड़ी ) : $\frac{1}{2}\times 2=1$

विना – वीणा

हार – हाड

(v) विपरीतार्थक शब्द लेख्नुहोस् (कुनै ***दुइ*** ) : $\frac{1}{2}\times 2=1$

उत्थान, घृणा, बन्धन

(vi) दुइ-दुइवटा अनेकार्थक शब्द लेख्नुहोस् (कुनै ***दुइ*** ) : $\frac{1}{2}\times 4=2$

रस, कल, उत्तर

(vii) दुइ-दुइवटा पर्यायवाची शब्द लेख्नुहोस् (कुनै ***दुइ*** ) : $\frac{1}{2}\times 4=2$

चाँड़ो, दुर्जन, कोमल

(viii) निम्न वाग्धारालाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नुहोस् (कुनै ***दुइ*** ) : *1×2=2*

एकै आँखाले हेर्नु –

घाउमा नून छर्नु –

छातीमा ढुङ्गाराख्नु –

(ix) शुद्ध गरेर लेख्नुहोस् : *1×2=2*

(अ) मेरो आमाले खाना पकाउँछ ।

(आ) रमेशलाई उसको बाबुले दिल्लीबाट मिठाई ल्याइदियो ।

(x) निम्नलिखित वाक्यहरूलाई अकरणमा परिवर्तन गर्नुहोस् : *1×2=2*

(अ) रमेश राम्रो मान्छे हो ।

(आ) दाज्यूको साथीहरू बजार जाँदैछ ।

## SECTION C

**3.** (क) नेपालीमा अनुवाद गर्नुहोस् : *5*

The milkman's cow was in a bad mood. It sat in the middle of the road and refused to move. The milkman begged the cow to get up. He pulled and tugged and prayed. But the cow wasn't going anywhere that day.

(ख) कुनै ***एक*** विषयमाथि 250 शब्दसम्मको निबन्ध लेख्नुहोस् : *12*

(i) सार्वजनिक स्थल / सम्पतिको संरक्षणमा आम जनताको सहभागिता

(ii) योग साधनाको महत्त्व

(ग) 'स्वच्छता अभियान' बारे प्रकाश पार्दै गाउँमा रहेका प्रिय मित्रलाई एउटा रोचक पत्र लेख्नुहोस् । *8*

## SECTION D

**4.** (क) कुनै ***एक*** प्रश्नको उत्तर संक्षेपमा लेख्नुहोस् : *2*

कालेकी आमालाई आपद-विपद जहीं पनि आउँदो रहेछ भन्ने कुराको ज्ञान कसरी भयो ?

**अथवा**

'सोझा' निबन्धमा निबन्धकारले संसारमा दानवता खतम गर्नलाई के गर्नुपर्छ भनेका छन् ?

(ख) 'पाउ पुजेर दिएको तिमीलाई हो, आफ्नी स्वास्नी राजी गराऊ लैजाऊ... ।'

(i) यहाँ कसले पाउ पुजेर के दिएका छन् ? *1*

(ii) 'आफ्नी स्वास्नी' भनेर कसकी स्वास्नीको कुरा गरिएको हो ? तिनको नाम के हो ? *1*

(ग) पठित पाठको आधारमा सही उत्तर चुनेर खाली ठाउँ भर्नुहोस् : $\frac{1}{2}+\frac{1}{2}=1$

(i) दानव, दुष्ट, दुर्जन सोझाहरूकै भोलापनको __________ उत्पन्न भएको विस्फोट हो ।

अ. कोखबाट

आ. दिमागबाट

इ. मनबाट

ई. ग्यासबाट

(ii) चामेकी स्वास्नी गौंथली साहै __________ थिई ।

अ. बाठी

आ. सिपालु

इ. मुखाले

ई. छुच्चो

(घ) एकै शब्द या वाक्यमा उत्तर लेख्नुहोस् : *1+1+1=3*

(i) 'परालको आगो' कथामा लोग्ने-स्वास्नीको झगड़ालाई के'सित तुलना गरिएको छ ?

(ii) 'रातभरि हुरी चल्यो' कथामा निनीकी आमा को हुन् ?

(iii) 'मन' नाटकमा भानुराज र सुलोचनाले कसरी मर्ने इच्छा जाहेर गरेका छन् ?

**5.** (क) कुनै ***एक*** को संक्षेपमा भाव-विस्तार गर्नुहोस् : *2*

"हाम्रा लागि घरको दूध पानीसरि छ  
नौ-लाख तारा टाढ़ा हुनाले तारा छन्  
रामे, चामे हर्के, वीरे झटारा छन् ।"

**अथवा**

"कस्तो बिजी छु पूजा गर्न पनि भियाउँदिनँ  
दीयो बलिरहनू भनेर विजुलीको बल्बलाई अह्राएको छु ।  
आरतीको जिम्मा क्यासेटलाई दिएको छु ।"

(ख) छोटा उत्तर लेख्नुहोस् : *1+1+1=3*

(i) ‘ईस् पढ्घु तेरो कविता’ मार्फत् कविज्यूले कसलाई व्यङ्ग कसेका छन् ?

(ii) ‘सत्य-सन्देश’ कविताअनुसार मनको तिर्सनाको टुङ्गो लागेपछि मान्छेलाई के अनुभव हुन्छ ?

(iii) ‘यात्री’ कवितामा ‘यात्री’ कसलाई भनिएको छ ?

(ग) कुनै ***एक*** कविताको सारांश लेख्नुहोस् : *3*

अ. आकाशको तारा के तारा

आ. ईस् पढ्घु तेरो कविता

**6.** निम्न प्रश्नहरूका छोटा उत्तर लेख्नुहोस् : *1×5=5*

(क) ‘प्रायश्चित’ कथामा कसले प्रायश्चित गरेकी छन् ?

(ख) ऐते पाइलट रेल स्टेशनको काम बाहेक अर्को के गरेर आफ्नो आम्दामी बढ़ाउथ्यो ?

(ग) परिबन्दमा फँसेका रने कुन एउटा कुराले सन्तोक मान्छन् ?

(घ) टोटोलाको फूल कस्तो फूल हो ?

(ङ) हवल्दारलाई कथाकारले प्रथमपल्ट कहाँ भेटेका थिए ?

**7.** कुनै ***चार*** प्रश्नहरूका उत्तर लेख्नुहोस् : *1×4=4*

(क) साहित्यकार शिवकुमार राईद्वारा लिखित कुनै दुइ कृतिका नाम लेख्नुहोस् ।

(ख) घनश्याम नेपाल द्वारा सम्पादित कुनै दुइ पुस्तकका नाम लेख्नुहोस् ।

(ग) मनबहादुर मुखियाका कुनै दुइ नाटकका नाम लेख्नुहोस् ।

(घ) शिवकुमार राईको जन्म कहाँ र कहिले भएको हो ?

(ङ) तुलसीबहादुर छेत्री ‘अपतन’ ले साहित्य अकादमी पुरस्कार प्राप्त गरेका पुस्तकको नाम लेख्नुहोस् ।